"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२/०८३

चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति : २०८२/१०/०६

ने.सं. ११४६ सिल्लाथ्व, २ मँगलबार

## कृषि विकास कार्यक्रमका लागि प्रस्ताव आवहान बारेको सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०८२/१०/०६)

यस पाँचखाल नगरपालिका कृषि शाखाको आर्थिक बर्ष २०८२/८३ को बार्षिक स्वीकृत तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले यस पाँचखाल नगरका ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आवहानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (२०८२/१०/२०) भित्र कार्यालय समयमा कृषि तथा सहकारी शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न राखि तोकिएको ढाँचामा निवेदन पेस गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। निर्धारित समयभित्र पेस नभएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही हुने छैन। थप जानकारीको लागि कृषि तथा सहकारी शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|
| १ | तरकारी खेती प्रबर्द्धन कार्यक्रम | ५०% | टनेल प्लाष्टिक वितरण |
| २ | जैविक पद्दतीबाट बाली संरक्षणको लागि आवश्यक पासो, ल्युर तथा जैविक मल/विषादी प्रबर्द्धन कार्यक्रम | ७५% | किराको लागि पासो/ल्युर, जैविक मल, जैविक विषादी वितरण |

आवश्यक कागजातः

१. कार्यालयले तोकेको ढाँचामा निवेदन।
२. व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
३. कृषि फर्म/कृषक समूह/कृषि सहकारीको स्थायी लेखा नं र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. कृषक समूह/कृषि सहकारीको हकमा गत आ.ब.को लेखापरिक्षण प्रतिवेदनको, प्रतिलिपि।
५. कृषक समूह/कृषि सहकारी/साझेदार उद्यमीको हकमा प्रस्ताव पेस गर्ने सम्बन्धी तथा अख्तियारी प्रदान गरिएको बैठकको निर्णयको प्रतिलिपि।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
७. नेपाली नागरीकताको प्रतिलिपि/अख्तियार प्राप्त व्यक्तिको नेपाली नागरीकताको प्रतिलिपि ।
८. सम्बन्धीत वडा कार्यालयको सिफारिस।

२०८२/१०/०६

(पुरुषोत्तम सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ एवं कार्यार्थ:</u>

**श्री वडा कार्यालय (सबै), पाँचखाल नगरपालिका** : वडा कार्यालयको सूचना पाटीमा यो सूचना टाँस गरी सम्पूर्ण वडाबासीहरुले जानकारी प्राप्त गर्ने गरी व्यापक रुपमा प्रचार प्रसार गर्नुहुन।

**श्री सूचना प्रविधि शाखा** : वडा कार्यालयहरुमा पत्राचार गरी वेबसाइट तथा सामाजिक सञ्जालमा समेत सूचना अपलोड गर्नुहुन।

निवेदनको ढाँचा

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

मिति:

विषय : कृषि सामाग्रीहरु अनुदानमा उपलब्ध गराइदिनुहुन।

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**पाँचखाल नगर कार्यपालिकाको कार्यालय,**
**पाँचखाल, काभ्रेपलान्चोक।**

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका कृषि विकास शाखाको मिति २०८२/१०/०६ गते प्रकाशित सूचना अनुसार सञ्चालन हुने कृषि विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको कृषि सामाग्री अनुदानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु/छौं।

तपसिल

| क्र.सं. | कृषि सामाग्री (टनेल प्लाष्टिक/पासो/ल्युर/जैविक मल/जैविक विषादी) | इकाई | परिमाण | हाल टनेल खेती गरिएको भए सोको क्षेत्रफल वा परिमाण | खेती भइरहेको क्षेत्रफल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

निवेदक

कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखत :

नाम/थर :

पद :

ठेगाना :

सम्पर्क नं :

संस्थाको छाप :

## प्रतिबद्धता एवं स्वघोषणा पत्र

पाँचखाल नगरपालिकाको मिति २०८२/१०/०६ को सूचना अनुसार **तरकारी खेती प्रबर्द्धन कार्यक्रम/जैविक पद्दतीबाट बाली संरक्षणको लागि आवश्यक पासो, ल्युर तथा जैविक मल/विषादी प्रबर्द्धन कार्यक्रम**मा सहभागिताको लागि इच्छुक भई आवेदन पेस गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा प्राप्त अनुदानको समुच्चित प्रयोग गर्नेछु/छौं र कम्तिमा ५ वर्ष सम्म निरन्तरता दिनेछु/छौं। सो अुनसारको कार्य नगरेमा वा ५ वर्ष अगावै सो कार्यहरु बन्द गरेमा वा बेचबिखन गरेमा पाँचखाल नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु÷छौं। सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने बेहोरा तथा प्रतिबद्धताका साथै प्रस्तावित कार्यक्रमको लागि अन्य निकायबाट विगत दुई आर्थिक वर्ष देखि सहयोग प्राप्त नगरेको बेहोरा समेत **स्वघोषणा** गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

<u>आनुदानग्राहीको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |